# राप्ती सोनारी राजपत्र

## राप्ती सोनारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या ३४ मिति २०८०/०९/२९

भाग २

राप्ती सोनारी गाउँपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**विपन्न वर्ग आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०**

**राप्ती सोनारी गाउँपालिका**

**विपन्न वर्ग आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०९/२५**

**प्रमाणीकरण मितिः २०८०/०९/२९**

**प्रस्तावनाः**

नेपालको संविधान प्रदत्त आवासको हकलाई कार्यान्वयन गर्न राप्ती सोनारी गाउँपालिका भित्र बसोबास गर्ने विपन्न वर्गका नागरिकहरुको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि त्यस्ता विपन्न परिवारहरुको लागि सुरक्षित आवास निर्माण र हस्तान्तरणको कार्यक्रम कार्यान्वयन गर्न बाञ्छनीय भएकोले, राप्ती सोनारी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ३ र ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "राप्ती सोनारी गाउँपालिका विपन्न वर्ग आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "आवास" भन्नाले कार्यक्रम निर्देशक समितिद्वारा स्वीकृत डिजाइन अनुसारका आवास एकाई सम्झनु पर्दछ।

(ख) "आवास एकाई" भन्नाले एक लाभग्राही परिवारले पाउने घर सम्झनु पर्दछ।

(ग) "कार्यक्रम" भन्नाले नागरिकहरुका लागि विपन्न वर्ग आवास कार्यक्रमलाई सम्झनु पर्दछ। यस शब्दले संघीय सरकार, प्रदेश सरकार वा अन्य निकायबाट गाउँपालिकाका नागरिकहरुका लागि आवास निर्माण गर्ने गरी प्रदान गरिने विशेष अनुदान वा छुट्टै कार्यविधि वा कानून वा शर्तहरु व्यवस्था नभएको गाउँपालिकाबाट कार्यान्वयन हुने गरी प्राप्त अनुदान सहितको कार्यक्रमलाई समेत जनाउने छ।

(घ) "कार्यक्रम निर्देशक समिति" भन्नाले दफा १३ बमोजिमको समितिलाई जनाउनेछ।

(ङ) "कार्यपालिका " भन्नाले राप्ती सोनारी गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) "कार्यालय" भन्नाले राप्ती सोनारी गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(छ) "लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका लाभग्राही व्यक्तिहरुलाई सम्झनु पर्दछ।

(ज) "लक्षित वर्ग" भन्नाले दफा ३ बमोजिम पहिचान भएका लक्षित वर्गलाई सम्झनु पर्दछ।

(झ) "गाउँपालिका" भन्नाले राप्ती सोनारी गाउँपालिका, बाँकेलाई सम्झनु पर्दछ।

(ञ) "अध्यक्ष" भन्नाले राप्ती सोनारी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले राप्ती सोनारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

## परिच्छेद -२

## लक्षित वर्गको पहिचान र कार्यक्रम कार्यान्वयन स्थल

**३. लक्षित वर्गको पहिचान:** (१) यस कार्यक्रमका लागि लक्षित वर्गको पहिचान देहायका आधारमा गरिने छ।

(क) विगत देखि गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्दै आएको तर,

१. नेपाल सरकारबाट सञ्चालित यस्तै कार्यक्रमबाट लाभ प्राप्त गरेका व्यक्ति लाभग्राही हुन नसक्ने।

२. नेपाल सरकार वा सरकारी निकायको विद्यालय, स्वास्थ्य संस्था, सडक अतिक्रमित क्षेत्र, खेल मैदान, औद्योगिक ग्राम, राष्ट्रिय वन क्षेत्र, राष्ट्रिय निकुञ्ज क्षेत्र वा यस्तै सरकारी निकायको स्वामित्वको जग्गामा अतिक्रमण गरी बसोबास गरेका लाभग्राही हुन नसक्ने।

(ख) नेपाली नागरिक भएको,

(ग) नेपाल सरकारको विपन्न परिचय पत्र प्राप्त। नेपाल सरकारबाट परिचय पत्र उपलब्ध नगरुन्जेलसम्मका लागि वडा कार्यालयबाट स्थलगत सर्जमिन गरी विपन्न प्रमाणित भएको,

(घ) स्थानीय वा नेपाल सरकारलाई बुझाउनु पर्ने राजश्व बुझाएको,

(ङ) यस कार्यविधिले अनुदान पाउने भनी तोके बमोजिमको घरमा बसोबास गर्दै आएको र एकाघरको परिवारको सदस्यको नाममा अन्यत्र पक्की वा बस्न योग्य घर नभएको,

(च) अपाङ्गता भएका व्यक्ति, असहाय, सीमान्तकृत जाती, अल्पसंख्यक जाती वा दलित जातीमा सूचीकृत भएको जाती प्राथमिकतामा पर्ने,

(छ) स्थानीय निर्माण सामग्री र श्रमको योगदानको साझेदारी गर्न प्रतिवद्ध रहेको।

**४. लाभग्राही छनौटको आधार**: (१) लाभग्राही छनौट गर्ने प्रयोजनको लागि कार्यालयले सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना आव्हान गरेपछि आवेदन दिएका परिवारको स्थलगत सर्भेक्षण गरिनेछ र देहायको आधारमा छनौट गरिने छ।

(क) कार्यालयबाट सर्भेक्षण गर्दा निवेदक बसोबास गरिरहेको घरको बनौट अनुसार अनुसूची-१ बमोजिम दिईएको अंक बमोजिम प्राथमिकता निर्धारण गरी लाभग्राही छनौट गरिनेछ। तर, अनुसूची -१ को क्रम संख्या ४, ५ र ७ मा शुन्य वा कुनै अंक प्राप्त नगर्ने निवेदकलाई लाभग्राहीको रुपमा छनौट गरिने छैन।

(ख) सबै भन्दा बढी अंक प्राप्त गर्ने परिवार देखि न्यूनतम ३५ अंक प्राप्त गर्ने परिवारको प्राथमिकता सूची प्रकाशन गरिने छ।

(ग) खण्ड (ख) बमोजिमको प्राथमिकताका आधारमा दफा १३ बमोजिमको समितिले लाभग्राही छनौट गर्नेछ।

(घ) खण्ड (ग) बमोजिम लाभग्राहीको छनौट गर्दा एकल महिला, अनाथ बालबालिका, वृद्ध तथा अपाङ्गता भएका घरमुलीलाई पहिलो प्राथमिकता दिईनेछ।

(ङ) सीमान्तकृत जाती, अल्पसंख्यक जाती वा दलित जातीमा सूचीकृत भएको जाती प्राथमिकतामा पर्नेछ।

(३) उपदफा (१) बमोजिम छनौट गर्दा सगोलमा रहेका परिवारले एकमात्र आवास प्राप्त गर्ने छन्।

**५. लाभग्राही सर्भेक्षणः** (१) दफा ४ बमोजिम लाभग्राही छनौट गर्दा कार्यालयले अधिकृत स्तरको कर्मचारीको संयोजकत्वमा प्राविधिक सहितको ३ सदस्यीय एक वा एक भन्दा बढी सर्भेक्षण टोली गठन गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको सर्भेक्षण टोलीले निवेदन दिएका परिवारहरुको सर्भेक्षण दफा ४ बमोजिमका आधारमा गर्नु पर्नेछ । यस कार्यको लागि कार्यालयले दफा ४ बमोजिमको सूचना सङ्कलन हुने गरी फाराम प्रयोग गर्न सक्ने छ ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि लाभग्राही सर्भेक्षण कार्यलाई पुष्टिकरण गर्न दफा १३ बमोजिमको समितिले पुरै वा कुनै नमुना सर्भेक्षण गर्न सक्ने छ ।

**६. लाभग्राहीको सूची प्रकाशनः** दफा ५ बमोजिम सर्भेक्षण सम्पन्न भएको १५ दिन भित्र दफा १३ बमोजिमको समितिले लाभग्राहीको छनौट गरी प्राथमिकता समेत तोकी लाभग्राहीको सूची प्रकाशन गर्नेछ । यसरी सूची प्रकाशन गर्दा दफा ४ बमोजिम छनौट गरी सोही आधारमा प्राथमिकता तोकी सूची प्रकाशन गर्नु पर्नेछ।

**७. बस्ती स्थानान्तरणः** (१) कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा बस्ती प्राकृतिक विपद्को दृष्टिले जोखिमयुक्त रहेको लागेमा दफा १३ बमोजिमको समितिले बस्ती स्थानान्तरणको लागि कार्यपालिकामा सिफारिश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिश भई आएमा कार्यपालिकाले बस्ती स्थान्तरण गर्न सकिने सम्भावित स्थानको खोजी गरी बस्ती स्थान्तरण गर्न सक्नेछ ।

(३) बस्ती स्थान्तरण सम्बन्धी कार्यविधि कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद -३

## घर निर्माण तथा लाभग्राहीको योगदान

**८. लाभग्राहीको योगदान र परिचालनः** (१) दफा ६ बमोजिम लाभग्राहीको सूची प्रकाशन भए पश्चात सम्बन्धित वडा कार्यालयको सिफारिशमा गाउँपालिका र लाभग्राही बीच अनुसूची ३ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ । त्यस्तो सम्झौता गर्दा लाभग्राहीले लागत अनुमानको १५ प्रतिशतले हुन आउने रकम अनिवार्य योगदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता भए पश्चात आवास निर्माणको व्यवस्था लाभग्राही स्वयंले मिलाउनु पर्नेछ।

(३) लाभग्राही असक्त वा आवास निर्माणको लागि आवश्यक पर्ने सामग्री व्यवस्थापन आफै गर्न नसक्ने भएमा गाउँपालिकाले आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ ।

(४) गाउँपालिकाले निर्माण सामग्रीको आपुर्ती र गुणस्तर सुनिश्चित गर्न सामग्रीहरु खरिद गरि लाभग्राहीलाई उपलब्ध गराउन सक्नेछ । यसरी सामग्री उपलब्ध गराँउदा खरिद गर्ने कार्यविधि प्रचलित कानूनले तोके बमोजिमको हुनेछ ।

**९. घरको डिजाइन तथा लागत अनुमान:** (१) कार्यालयले लाभग्राहीहरुको घर निर्माण गरिदिने प्रयोजनको लागि सम्भव भएसम्म एकै किसिमको ढाँचाको घरको डिजाईन तयार गरी लागत अनुमान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम डिजाईन तथा लागत अनुमान तयार गर्दा स्थानीय निर्माण सामग्रीहरुको उपयोग हुने गरी गर्नु पर्नेछ ।

(३) लाभग्राहीका लागि निर्माण गरिने घरको ढाँचा अनुसूची -२ बमोजिम हुनेछ।

**१०. कार्यक्रम कार्यान्वयनः** (१) कार्यालयले लाभग्राहीको छनौट भईसके पश्चात कुल निर्माण गरिने आवास एकाईको संख्या एकिन गरी एकै पटक बोलपत्र मार्फत वा दफा ८ बमोजिमको लाभग्राहीको समूहसँग सम्झौता गरी निर्माण कार्य प्रारम्भ गर्न सक्नेछ ।

(२) यस कार्यक्रम अन्तर्गत निर्माण गरिने आवास एकाईहरु सकेसम्म भूकम्प प्रतिरोधी प्रविधिको प्रयोग गरी गराउनु पर्नेछ।

(३) कुनै नागरिकको साविकमा भैरहेको घर मर्मत पश्चात बस्न योग्य रहेछ भने कार्यक्रमले त्यस्ता लाभग्राहीको छुट्टै सूची प्रकाशन गरी घर मर्मत गराईदिने वा मर्मतको लागि सामग्री उपलब्ध गराउन सक्नेछ। यस प्रयोजनको लागि समेत यस कार्यविधिले तोकेको सबै प्रक्रिया पुरा गरेको हुनुपर्नेछ।

**११. निर्माण सम्पन्न भएको मानिने:** सम्झौता भए पश्चात शौचालय सहितको वा शौचालय (वाटरशिल) पहिले नै रहेछ भने सो बाहेक सबै आवास एकाई निर्माण भएपछि निर्माण कार्य सम्पन्न भएको मानिनेछ।

तर, यसरी घर निर्माण गराउँदा कुनै एक आवास एकाई निर्माण सम्पन्न भए पछि सोको रकम लाभग्राहीलाई भुक्तानी गर्न यस दफाले बाधा पु-याएको मानिने छैन।

**१२. निर्माण सामग्री व्यवस्थापन:** (१) आवास एकाई निर्माणका लागि आवश्यक पर्ने जस्तापाता, फलामको पाईप, फलाम रड, सिमेन्ट, इट्टा, ढुङ्गा, काठ, हुक, कब्जा, ग्रिल, काठ, शौचालयका सामग्रीहरुका लागि गाउँपालिकाले दिने अनुदानबाट खरिद गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमका निर्माण सामग्रीहरु खरिद गर्न लाभग्राहीले नसक्ने भएमा सो खरीद गरी उपलब्ध गराउनका लागि कार्यालयमा लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लाभग्राहीहरुबाट लेखी आएमा गाउँपालिकाले निर्माण सामग्रीहरु खरीद गरी ढुवानी गर्ने व्यवस्था मिलाउन सक्नेछ।

(४) निर्माण सम्पन्न भई घर लाभग्राहीलाई हस्तान्तरण गर्दा कार्यक्रमले आफ्नो पहिचान खुल्ने लोगो वा चिन्ह उक्त घरमा राख्न सक्नेछ। यसरी राखिएको चिन्ह वा लोगोको संरक्षण गर्ने जिम्मेवारी लाभग्राहीको हुनेछ।

## परिच्छेद- ४
## समिति सम्बन्धी व्यवस्था

**१३. कार्यक्रम निर्देशक समिति:** (१) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीतिगत तथा कार्यान्वयन सम्बन्धी निर्णय गर्न र आवश्यक व्यवस्था गर्न गाउँपालिकामा तपसिल बमोजिमको एक कार्यक्रम निर्देशक समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) कार्यपालिकाको पूर्वाधार विकास समितिको संयोजक - सदस्य

(ङ) गाउँपालिका अध्यक्षले तोकेको एक जना महिला कार्यपालिका सदस्य - सदस्य

(च) गाउँपालिकाले तोकेको इन्जिनियर / प्राविधिक एक जना- सदस्य

(छ) गाउँपालिकाले फोकल पर्सन तोकेको एक जना कर्मचारी - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ वा अन्य पदाधिकारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक नीतिगत निर्णय गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनका सिलसिलामा गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत समितिहरुलाई आवश्यक निर्देशन दिने,

(ग) लाभग्राही छनौट गर्न लाभग्राही सर्भेक्षण गराउने, पुष्टिकरण गराउने, लाभग्राही छनौट गर्ने र लाभग्राही सूची प्रकाशन गर्ने।

(घ) कार्यक्रमको प्रगति समीक्षा गर्ने,

(ङ) कार्यक्रमको सञ्चालन र कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्य निजी क्षेत्रहरुसँग समन्वय गर्ने,

(च) कार्यान्वयनमा आएका बाधा अड्काउ फुकाउने,

(छ) कार्यक्रममा आवश्यकतानुसार दण्ड गर्नुपर्ने भएमा सोको सिफारिश गर्ने,

(ज) कार्यक्रम लागु भएको स्थानमा आवश्यक पूर्वाधार निर्माणका लागि कार्यपालिकामा सिफारिश गर्ने,

(झ) वृद्ध, असहाय, एकल महिला आदि संरक्षण गर्नुपर्ने लाभग्राहीको प्राथमिकता निर्धारण गर्ने,

(ञ) कार्यक्रम कार्यान्वयनका सम्बन्धमा अन्य कार्यहरु गर्ने।

**१४. अनुगमन सम्बन्धी व्यवस्थाः** यस कार्यक्रमको अनुगमन गाउँपालिकास्तरको अनुगमन समितिले गर्नेछ। अनुगमन सम्बन्धी अन्य व्यवस्था अनुगमन तथा सुपरीवेक्षण कार्यसञ्चालन कार्यविधि, २०७९ बमोजिम हुने।

## परिच्छेद - ५
## तालिम सम्बन्धी व्यवस्था

**१५. तालिम प्राप्त डकर्मी खटाउनु पर्नेः** (१) सकेसम्म गाउँपालिकामा सूचीकृत भएका भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी तालिम प्राप्त गरेका डकर्मीहरुलाई यस कार्यक्रममा खटाईने छ।

(२) ठेक्काको माध्यमबाट आवासको निर्माण गरिने भएमा ठेक्काको सम्झौतामा उपदफा (१) बमोजिमको डकर्मी खटाउनु पर्ने शर्त राख्नु पर्नेछ।

**१६. तालिम सम्बन्धी व्यवस्थाः** (१) लाभग्राहीबाट निर्माण कार्य गराउँदा दफा १५ बमोजिमको तालिम प्राप्त डकर्मी उपलब्ध नभएमा कार्यालयले लाभग्राहीहरु तथा डकर्मीहरुलाई भूकम्प प्रतिरोधी घर निर्माण सम्बन्धी तालिमको व्यवस्था गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तालिम उपलब्ध गराउँदा सो सम्बन्धी तालिम दिने अन्य गैर सरकारी संस्थाको सहयोग लिन सकिने छ।

## परिच्छेद -६

## विविध

**१७. कार्यक्रम व्यवस्थापन इकाई:** (१) कार्यक्रमलाई कार्यान्वयन गर्ने सिलसिलामा गर्नु पर्ने विभिन्न व्यवस्थापकीय र प्राविधिक कार्य गर्नका लागि एक कार्यक्रम व्यवस्थापन इकाई रहनेछ ।

(२) उपदफा (१) बमोजिमको युनिटमा देहाय बमोजिमको सदस्य रहने छन् ।

(क) सम्बन्धित वडाका वडा अध्यक्ष - संयोजक

(ख) सम्बन्धित वडाका वडा सदस्य - सदस्य

(ग) सम्बन्धित वडाका पूर्वाधार प्राविधिक कर्मचारी - सदस्य

(घ) वडा सचिव - सदस्य सचिव

**१८. निर्देशन पालन गर्नु पर्ने:** कार्यक्रम निर्देशक समितिले कार्यक्रम कार्यान्वयनका सिलसिलामा दिएको निर्देशन सम्बन्धित निकायले पालना गर्नु पर्नेछ ।

**१९. विवाद समाधान:** कार्यक्रम कार्यान्वयन गराउने निकाय र लाभग्राही समूह वा लाभग्राहीहरुबीच कुनै विवाद उत्पन्न भएमा कार्यक्रम निर्देशक समितिले दिने निर्णय अन्तिम हुनेछ।

**२०. फरफारक:** कुनै लाभग्राहीले कारणबश निर्माण कार्य बीचैमा छाडेमा निर्माण भएको कार्यको मुल्याङ्कन गरी फरफारक गर्न सकिनेछ । तर, कार्यक्रम निर्देशक समितिले निर्माण कार्य बीचैमा छाड्नु पर्नाको कारण प्रति सन्तुष्ट नभई फरफारक नगर्न निर्देशन दिएमा उक्त निर्माण कार्यको लागत लाभग्राही स्वयंले व्यहोर्नु पर्नेछ ।

**२१. बेच विखन गर्न नपाउने:** लाभग्राहीले निर्माण सम्पन्न भएको पन्ध्र बर्षसम्म उक्त आवास एकाई बेच विखन गर्न पाउने छैन ।

**२२. झुठ्ठा विवरण पेश गर्नेलाई कारवाही:** कार्यक्रमबाट लाभ लिने वा लाभ गराई दिने उद्देश्यले झुठा विवरण पेश गरी लाभ लिएको वा झुठ्ठा विवरण सिफारिश गरेको ठहर भएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

**२३. पूर्वाधार निर्माण:** आवास एकाई बनाउने स्थानसम्म भौतिक पूर्वाधारहरु जस्तै सडक, खानेपानी, विद्युत आवश्यकता अनुसार गाउँपालिकाले निर्माणका लागि पहल गर्नेछ ।

**२४. अन्य निकायबाट सहयोग वा लागत साझेदारी गर्न सकिने:** (१) कार्यक्रम कार्यान्वयनका लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, गैर सरकारी संस्था वा निजी क्षेत्र वा लाभग्राहीबाट सहयोग वा लागत साझेदारी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम लागत साझेदारी गर्दा गैर सरकारी संस्थासँग भए दफा १३ बमोजिमको कार्यक्रम निर्देशक समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय हुनु पर्नेछ ।

**२५. दोहोरो सुविधा नपाउनेः** (१) नेपाल सरकार तथा प्रदेश सरकारबाट आवास सुविधा पाएका व्यक्तिले यस कार्यक्रमबाट आवास सुविधा पाउने छैन।


**२६. असुल उपर हुनेः** लाभग्राही समूहको कुनै सदस्यले काबु बाहिरको परिस्थिति परेको बाहेक आफ्नो आवास एकाई बनाइसके पश्चात आवास एकाई बनाउन अन्य श्रमदान वा तोकिएको योगदान नगरेमा उक्त समूहमा बन्न बाँकी आवास एकाईमा उसको योगदान दामासायीमा जति पर्ने हो सो नगदै वा निजको घर घरानाबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

**२७. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिएकोमा यसै कार्यविधि बमोजिम र यस कार्यविधिमा नलेखिएका विषयमा प्रचलित कानून बमोजिम हुन


| अनुसूची -१<br>(दफा ४ को उपदफा (१) सँग सम्बन्धित<br>लाभग्राहीहरुको छनौटका आधारहरु | | | |
|---|---|---|---|
| **क्र.सं.** | **विवरण** | **निर्धारित अङ्क** | **कैफियत** |
| १. | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल, प्रतिव्यक्ति वर्गफिटमा | ३० भन्दा कम - १०<br>३० देखि ६० सम्म - ५<br>६० भन्दा भाथि - ० | |
| २. | गा उपभोगमा रहेको घरको क्षेत्रफल, क्ति वर्ग मिटरमा | १०० भन्दा कम - १०<br>१०० देखि ३०० सम्म - ५<br>३०० भन्दा माथि - ० | |
| ३. | घरभित्रको भुई | माटो - १०<br>इटा/ढुंगा आदि - ५<br>सिमेन्ट - ० | |
| ४. | घरको गारो | फुस, बाँस, निगालो, रपट, दाउरा, पराल, स्याउला, टाटी, चोया, झिगटा, खडाई आदि -१०<br>मिलेको ढुङ्गा माटोको गारो, काँचो इटामा माटोले पोतेको, जस्तापाताले बारेको, काठको टुक्राले बारेको - ५<br>मिलेको ढुङ्गा वा पाकेको इटा वा सिमेन्ट ब्लकमा माटो/सिमेन्ट - ० | मिश्रित गारो भएमा ५० प्रतिशत वा सो भन्दा बढी जुन प्रकृतिको गारो सोहीलाई मान्ने। |
| ५. | घरको छानो | फुस, आटवेस, स्याउला, प्लाष्टिक सिट आदि - १०<br>खपडा, टायल - ५<br>ढलान, जस्तापाता - ० | मिश्रित छानो भएमा ५० प्रतिशत वा सो भन्दा बढी जुन प्रकृतिको गारो छ सोहीलाई मान्ने। |
| ६ | घर बस्तीमा साधारतया ५ घर रहेको वा नरहेको | भएको - १०<br>नभएको - ० | भौगोलिक रुपमा बस्ती भिरालो जमिनमा रहेको लागु हुने छैन |
| ७ | जग्गाको स्वामित्व | लालपूर्जा भएको वा स्वामित्व पाउन सकिने ऐलानी - १०<br>नदी/ताल/किनारा/सरकारी जग्गामा - ० | |

| | | | |
|---|---|---|---|
| ८ | खेतीयोग्य जग्गा | अन्यत्र जग्गा नभएको - १० <br> अन्यत्र जग्गा भएको - ० | |
| ९ | घरमुलीको हकमा | अति विपन्न, असहाय, असक्त, वृद्धवृद्धा, अनाथ, अपाङ्गत, बालबालिका, एकल महिला घरमुली भएको - १० <br> अन्य - ० | दलित, सिमान्तकृत |


## अनुसूची -२
### (दफा ९ को उपदफा (३) सँग सम्बन्धित)
### आवास एकाई नमूना




PRO. FLOOR PLAN
MODEL HOUSE ①




PRO. FLOOR PLAN
MODEL HOUSE ②




PRO. FLOOR PLAN
MODEL HOUSE ③

## अनुसूची -३

**(दफा १० को उपदफा (२) सँग सम्बन्धित) कार्यालय र लाभग्राही बीच आवास एकाई निर्माणका सम्बन्धमा गरिने सम्झौताको ढाँचा:**

राप्ती सोनारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, अगैया, बाँके (यस पछि पहिलो पक्ष भनिने) र राप्ती सोनारी गाउँपालिका वडा नं........... बस्ने ................................का नाति/नातिनी, ................................ का छोरा/बुहारी, राप्ती सोनारी गाउँपालिकाको विपन्न जनता आवास कार्यक्रममा दर्ता भएको लाभग्राही दर्ता नं.......... का श्री....................................... (नागरिकता नं. ..............) बीच आवास एकाई निर्माण गर्ने सम्बन्धमा देहायका शर्तहरुमा मञ्जुर भई निर्माण सम्झौता गरी एक/एक प्रति बुझि लिँयौ /दियौं।

१. आवास एकाई निर्माण स्थल: बाँके जिल्ला राप्ती सोनारी गाउँपालिका वडा नं......... टोल.............

२. उद्देश्यः ..... वटा आवास एकाईहरु निर्माण गर्ने।

३. कूल लागतः प्रति आवासको गाउँपालिकाको योगदान रु........ र लाभग्राहीको योगदान रु. का दरले वटा आवास एकाईहरुको जम्मा रु.

४. प्रस्तावित निर्माण सम्पन्न हुने अवधिः

(क) शुरु हुने मितिः...........

(ख) पुरा हुने मितिः .. सम्म

५. खर्च व्यहोर्ने श्रोतः

(क) कार्यक्रमबाट व्यहोरिनेः.

(ख) लाभग्राहीबाट व्यहोरिने :..

(१) नगदः.........

(२) निर्माण सामग्रीः...........

(३) श्रमः.....

(४) कूल रकमः..

६. भुक्तानीको ढाँचाः

(क) लाभग्राहीलाई जम्मा चार किस्तामा रकम दिन सकिनेछ। भवनको लागत अनुमान तयार भई सम्झौता भएर जग खन्ने कार्य पुरा भए पश्चात १०% रकम, प्लिन्थ लेभल सम्मको निर्माण कार्य सम्पन्न भए पछि थप २५%, गारो तयार भई झ्याल ढोकाको चौकोश समेत राखेपछि (शौचालयको समेत) थप ३०% र सबै कार्य सम्पन्न भएपश्चात बाँकी २०% भुक्तानी हुनेछ यसरी भुक्तानी दिँदा नियमानुसार कर तथा कन्टिन्जेन्सी रकम कट्टी हुनेछ।

(ख) उपरोक्तानुसार भुक्तानीको लागि कार्यक्रमको इन्जिनियर वा प्राविधिक कर्मचारीको मुल्याङ्कन र अन्तिम भुक्तानीमा अनुगमन समितिको अनुगमन प्रतिवेदन अनिवार्य हुनु पर्नेछ।

(ग) कुनै लाभग्राहीले कुनै आवास एकाई निर्माण सम्पन्न नहुदै निर्माण कार्य छोडेकोमा कार्यक्रम निर्देशक समितिलाई छोड्नु पर्नाको कारण चित्त नबुझेमा खण्ड (क) बमोजिमको भुक्तानी भै नसकेको भए भुक्तानी नहुने र भुक्तानी भैसकेको भए सो समेत सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

७. अन्य शर्तहरुः (क) कार्यक्रमले स्वीकृत गरेको लागत अनुमान अनुसारको आवास निर्माण गर्नु पर्ने र आवासमा लगाईने रंगरोगन पनि तोकिए बमोजिमको प्रयोग गर्नु पर्ने,

(ख) लागत अनुसारको एक शौचालय समेत निर्माण गर्नु पर्नेछ ।

(ग) निर्माण स्थलमा कुनै संरचना रहेछ र सो भत्काउनु पर्ने भएमा र सो वापत लाग्ने खर्च लाभग्राहीले व्यहोर्नु पर्नेछ।

(घ) आवास निर्माणका सन्दर्भमा कार्यालय र कार्यक्रम निर्देशक समितिले दिएको निर्देशन लाभग्राही समूह वा लाभग्राहीहरुले पालना गर्नु पर्नेछ।

८. सम्झौताका पक्षहरुः

कार्यक्रमका तर्फबाट

प्रमुख प्रशासकीय अधिकृत

नामः

लाभग्राहीहरुको तर्फबाटः

नामः

रोहवरः

इन्जिनियर/सव इन्जिनियर ......

लाभग्राही नं.

लाभग्राहीको ठेगाना

नागरिकता नं.........

मितिः

| फोटो | दाँया | बाँया |
|---|---|---|

**आज्ञाले,**
**ओम प्रकाश देवकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**